आज मिति २०८१ कार्तिक २० गते मंगलवारका दिनको १:०० बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८१/८२ को पाँचौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

२३. [illegible] महेश [illegible]

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | जनगणतन्त्र चीनको तिब्बत स्थित नाग्छु शहरका प्रमुख सहितको प्रतिनिधि मण्डलको औपचारिक टोखा भ्रमणको व्यवस्थापन सम्वन्धमा | टोखा नगरपालिकाको निमन्त्रणामा जनगणतन्त्र चीनको तिब्बत स्थित नाग्छु शहरका प्रमुख सहितको ६ सदस्यीय प्रतिनिधि मण्डलको मिति २०८१ कार्तिक २४ गते देखि २८ गते (November 9 to 13, 2024) सम्म हुने औपचारिक टोखा भ्रमणलाई उपलव्धी मुलक बनाउन कार्यालय परिसरमा स्वागत, वडा नं. २ र ३ को पुरानो वस्ती टोखामा नागरिक अभिनन्दन, काठमाडौं उपत्यका भित्रका ऐतिहासिक,धार्मिक,पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण, रात्री भोज, द्विपक्षिय वार्ता,छलफल लगायतका विभिन्न कार्यक्रम संचालन गर्ने र सोका लागि लाग्ने खर्च नगरसभाको १५ औं अधिवेशनको खर्च शिर्षक नं. २२६१३, विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च तथा नपुग रकम खर्च शिर्षक नं. २२५१२, कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट व्यहोर्ने । |
| ३ | विष्णुमति नदी सरसफाई अभियानको रजत जयन्ती मनाउने सम्वन्धमा | टोखा नगरपालिकाले हरेक हप्ताको शनिवार विहान ६:३० बजे देखि ८:३० बजे सम्म संचालन गर्दै आएको विष्णुमति सरसफाई अभियानको २५ औं हप्ता पुरा भएको अवसरमा नदी सरसफाईमा निरन्तर लाग्ने सरसफाई कर्मीहरु, अभियन्ता, नगरवासी, संघसंस्था आदिलाई प्रशंसा पत्र/सम्मान पत्र प्रदान गर्ने । नदी वहावक्षेत्रमा प्रवेश गरी सरसफाईमा संलग्न हुने सरसफाई कर्मीहरु जना १६ लाई प्रतिव्यक्ति रु ५०००/- का दरले पुरस्कार उपलव्ध गराउने गरी २०८१ मंसिर १ गते शनिवार विष्णुमति नदी सरसफाई अभियानको रजतजयन्ती मनाउने । सो सम्वन्धी कार्यक्रमको विस्तृत विवरण (खर्चको अनुमान सहित) स्वीकृत गरी कार्यक्रमको आवश्यक व्यवस्थापन गर्न वातावरण तथा विपद् व्यवस्थापन शाखालाई अख्तियारी दिने । |
| ४ | ११ औं टोखा नगर दिवस मनाउने सम्वन्धमा | टोखा नगरपालिका स्थापना भएको दिन मंसिर १६ गते विभिन्न विधामा उत्कृष्ठ कार्य गरी नगरपालिकालाई चिनाउने एवं योगदान पुर्याउने नगरवासीहरुलाई सम्मान पत्र प्रदान गर्ने लगायत विभिन्न कार्यक्रमहरु संचालन गरी ११ औं टोखा नगर दिवस भव्यताका साथ मनाउने । सो सम्वन्धी कार्यक्रमको विस्तृत विवरण (खर्चको अनुमान सहित) स्वीकृत गरी कार्यक्रमको आवश्यक व्यवस्थापन गर्न सुशासन समितिलाई अख्तियारी दिने ।सो कार्यक्रममा सम्मान गर्न योग्य संभावित व्यक्तित्वहरु पहिचान गरी सिफारिस गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने ।<br>वडा नं. ७ का वडाध्यक्ष श्री नरोत्तम राना- संयोजक<br>वडा नं. २ का वडाध्यक्ष श्री धर्मेन्द्र श्रेष्ठ- सदस्य<br>कार्यपालिका सदस्य तथा प्रवक्ता श्री बच्चुराज वस्याल- सदस्य<br>कार्यपालिका सदस्य श्री लिला अधिकारी- सदस्य |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>कार्यपालिका सदस्य श्री प्रेम कुमार सुनुवार- सदस्य<br>प्रमुख शिक्षा निर्देशक श्री बाबुराम गौतम- सदस्य<br>वरिष्ट शाखा अधिकृत श्री अनिल प्रसाद जोशी- सदस्य सचिव</td></tr>
<tr><td>५</td><td>सबै स्वास्थ्य संस्थाहरुलाई आधारभूत स्वास्थ्य सेवा केन्द्र नामाकरण गर्ने सम्वन्धमा</td><td>टोखा नगरपालिका भित्र रहेका सबै स्वास्थ्य संस्थाहरुको नाममा एकरुपता कायम गर्न प्रत्येक स्वास्थ्य संस्थाको नाम आधारभूत स्वास्थ्य सेवा केन्द्र, टोखा नगरपालिका वडा नं. .... हुने गरी नामाकरण गर्ने । उक्त व्यहोरा २०८१ मंसिर १ गते देखि लागू गर्न सम्वन्धित स्वास्थ्य संस्थाहरुलाई पत्राचार गर्ने।</td></tr>
<tr><td>६</td><td>सडक बोर्ड नेपाल संगको लागत सहभागितामा संचालन हुने आयोजना छनौट गर्ने सम्वन्धमा</td><td>सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंको मिति २०८१-६-१३, च.नं. ४४० को पत्रानुसार यस नगरपालिका भित्रका स्थानीय सडक मर्मत संभार कार्यको लागि सडक मर्मत संभार कार्यक्रम अन्तर्गत कार्यान्यवन हुने गरी टोखा नगरपालिकाको वडा नं. १ स्थित फुलबारी बिडारीगाउँ, दुलालगाउँ, टाँसीडाँडा जोड्ने सडक स्तरोन्नती को आयोजना छनौट गरी सहमतिको लागि सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंलाई पत्राचार गर्ने । सडक बोर्ड नियमावली, २०६० बमोजिम टोखा नगरपालिकाले लागत सहभागिता बमोजिम व्यहोर्नु पर्ने ३० प्रतिशत रकम नगरसभाको १५ औं अधिवेशनबाट स्वीकृत बार्षिक योजना किताबको सि. नं. १०७२ स्थानीय उपभोक्ता लागत सहभागिता कार्यक्रम मा विनियोजित रकम मध्येबाट व्यहोर्ने ।</td></tr>
<tr><td>८</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>डि कन्स्ट्रक्सन</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>२.</td><td>लिस्सम निर्माण सेवा प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>३.</td><td>अर्जुन निर्माण सेवा प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>४</td><td>गजलक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>५</td><td>पुष्पान्जली मष्टा बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>६</td><td>शिब सुहाना निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-११</td><td></td></tr>
<tr><td>७</td><td>कालिका बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>८</td><td>मजबुदघर कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>९</td><td>आरोग्य इन्फास्ट्रक्चर प्रा.लि.</td><td>टोखा-११</td><td></td></tr>
<tr><td>१०</td><td>कोशिस कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>११</td><td>एस.बि. निर्माण कम्पनि प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>१२</td><td>चन्दकालिका कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग सप्लायर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>९</td><td>विविध</td><td>१. टोखा नगरपालिका भरीको अव्यवस्थित तार व्यवस्थापन कार्य अघिल्लो</td></tr>
</table>

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | कार्यपालिका बैठकबाट स्वीकृत प्रतिवेदन बमोजिम हुनेगरी यहि मिति २०८१ मंसिर ९ गतेबाट पुनः शुचारु गर्ने । आ.व. २०८१/८२ को दोस्रो नगरकार्यपालिका बैठकबाट नगरपालिका भरीका अव्यवस्थित तार व्यवस्थापन कार्यमा खटिने व्यक्तिहरुलाई खाजा खर्च वापत खटिएको दिनको प्रतिदिन रु. २००/- का दरले खाजा खर्च वापत उपलव्ध गराउने निर्णय भएकोमा सो दरलाई संशोधन गरी रु. ३००/- कायम गर्ने।सो प्राप्त गर्न दिनमा कम्तिमा ४ घण्टा अव्यवस्थित तार व्यवस्थापन सम्वन्धी कार्यमा खटिएको हुनु पर्ने, सम्वन्धित व्यक्ति दिनमा कम्तिमा ४ घण्टा अव्यवस्थित तार व्यवस्थापन सम्वन्धी कार्यमा खटिएको व्यहोरा सम्वन्धित वडाका वडाध्यक्ष, नगर प्रहरी बलका प्रमुख तथा सूचना प्रविधि शाखाको अधिकृतस्तरको कर्मचारीबाट संयुक्त रुपमा प्रमाणित गरी खाजा खर्च वापतको रकम भुक्तानीको लागि सिफारिस भएको हुनु पर्ने ।<br>२. टोखा साँखु नगर सांस्कृतिक मैत्री सम्वन्त्र स्थापनार्थ मिति २०८१-५-२२ मा भएको सांस्कृतिक कार्यक्रम प्याख प्रस्तुतीमा साविकमा विनियोजित रकमले नपुग भएको भनि सम्वन्धित वडा कार्यालय वडा नं. २ र ३ बाट सिफारिस भई थप विल भर्पाई प्राप्त भएकोले नपुग रकम रु. ९८ हजार साविककै सर्त एवं खर्च शिर्षक बमोजिम सोध भर्ना भुक्तानी उपलव्ध गराउने ।<br>३. वडा नं. १० स्थित शान्तिदिप टोलमा ढलको क्षमता बृद्धि तथा बाटो मर्मत शिर्षकमा नगरसभाबाट रकम विनियोजन भएकोमा हाल लागत अनुमान तयार गर्दा विनियोजित रकमले नपुग हुने देखिएकोले साविकमा विनियोजित रकममा नपुग हुने रकम रु. १० लाख १५ औं नगरसभाको सि.नं. २७५ मा विनियोजित रकम मध्येबाट विनियोजन गरी उपभोक्ता समितिसंग सम्झौता गरी निर्माण प्रकृया अगाडि बढाउने ।<br>४. वडा नं. ४ स्थित गार्डेन भ्यू ओरालो हुदै श्रीसमाज जाने बाटोको ढल तथा मंगाल मर्मत र ज्येष्ठ नागरिक भवन मर्मत एवं रंगरोगन कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. १० लाख विनियोजन गरी निर्माण एवं मर्मत प्रकृया अगाडि बढाउने ।<br>५. वडा नं. ३ स्थित दुथाद्वं(मेघासिटी) टोलमा सडक स्तरोन्नती/ मर्मतको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. ८ लाख विनियोजन गरी निर्माण एवं मर्मत प्रकृया अगाडि बढाउने ।<br>६. वडा नं. ८ स्थित बानियाँटार पुल नजिक बिष्णुमति खोलामा रिटेनिङ्ग वाल लगाई सडक यातायात सहज वनाउने कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २७६ मा विनियोजित रकम मध्येबाट रु. ९ लाख ६० हजार विनियोजन गरी निर्माण प्रकृया अगाडि बढाउने ।<br>७. वडा नं. ९ स्थित धाराचोक देखि काभ्रेडेरी सम्मको सडक ओभरले/ मर्मतको |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट रु १० लाख विनियोजन गरी सडक ओभरले प्रकृया अगाडि बढाउने ।<br>८. नगरपालिकाको प्रशासनिक भवन अगाडीको भिरालो भाग मर्मत एवं Slope cutting गरी दुबो रोप्ने कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं.२६३ मा विनियोजित रकम मध्येबाट रु १० लाख विनियोजन गरी निर्माण प्रकृया अगाडि बढाउने ।<br>९. वडा नं. ३ स्थित सुर्यदर्शन हाईट माईको स्टेशन पश्चिमको भित्रीबाटो ढलानको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गरी प्रकृया अगाडि बढाउने ।<br>१०.गोगंबुं गणेशस्थान स्थित गणेशस्थान टोलमा ज्येष्ठ नागरिकहरु लक्षित आँखा स्वास्थ्य शिविर संचालन सहयोगार्थ १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकबाट रु. ७५ हजार विनियोजन गर्ने ।<br>११.विश्वशान्ति यात्राका सहभागिको नेपाल भ्रमण व्यवस्थापन सहयोग विविध कार्यक्रमको लागि संस्कृति संरक्षण समाज नेपाललाई १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. ५० हजार उपलब्ध गराउने<br>१२.वडा नं. २ स्थित चण्डेश्वरी मा.वि. परिसरमा सिढी, कम्पाउण्ड वाल तथा अन्य विविध निर्माण कार्यको आयोजना स्वीकृत गरी उल्लेखित कार्य आगामी नगरसभाबाट श्रोत सुनिश्चित गरी भुक्तानी हुने गरी रु. ३० लाखको निर्माण कार्य सम्वन्धित वडा कार्यालयबाट सिफारिस हुने उपभोक्ता समिति मार्फत अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।साथै उल्लेखित विद्यालयको लागि आवश्यक पर्ने डेक्स-बेन्च खरिदका लागि आगामी नगरसभाबाट श्रोत सुनिश्चित हुने गरी डेक्स-बेन्च थान ५० खरिद प्रकृया प्रकृया अगाडि बढाई नगरपालिकाबाट खरिद गरी सम्वन्धित विद्यालयलाई हस्तान्तरण गर्ने।<br>१३. वडा नं. २ स्थित सपनतिर्थ भजन खलः लाई आवश्यक पर्ने रु १ लाख ५० हजार रकम सम्मको वाद्यवादन सामाग्रीहरु १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट खर्च हुने गरी नगरपालिकाबाट खरिद गरी सम्वन्धित खलः लाई हस्तान्तरण गर्ने ।<br>१४.वडा नं. २ स्थित गणेश पोखरी उत्तर तर्फको साविकमा वडा नं. २ को कार्यालय रहेको टहरा एवं अन्य संरचनाहरु हटाई अन्य सरकारको पहलमा नयाँ संरचना निर्माण गर्नु पर्ने भएकोले उल्लेखित संरचना हटाउन १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम बिनियोजन गरी संरचनाहरु हटाउने प्रकृया अगाडि बढाउने ।उक्त स्थानमा रहेका साविकमा संरचना मध्येका पुन उपयोग हुने सामाग्रीहरु |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | सम्वन्धित वडा कार्यालयले लगत राखी संरक्षणको व्यवस्था मिलाउने ।<br>१५.वडा नं. ९ स्थित भैरबको प्राणप्रतिष्ठा आसान,मण्डप लगायतको निर्माण कार्य साथै संचालनको लागि लागत अनुमान अनुसारको कार्यक्रम स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६२ संस्कृति संरक्षण तथा प्रवर्धन कोषबाट रु ३ लाख बिनियोजन गरी सम्वन्धित वडा कार्यालयबाट सिफारिस हुने संस्था/समिति संग सम्झौता गरी कार्यक्रम संचालन प्रकृया अगाडि बढाउने ।<br>१६.टोखा नगरपालिकाको नाममा रहेको बा.२ झ. १६५१ नम्बरको स्कारपियो गाडी मर्मत स्वीकृत गरी बालाजु अट्टो बर्कसपको विल अनुसारको रकम रु.१५३१५०.२६ सम्वन्धित वर्कसपको नाममा भुक्तानी उपलव्ध गराउने ।<br>१७.वडा नं. १ वस्ने अर्पण धितालको मृगौला प्रत्यारोपण कार्यको लागि निजका बुबा हरिकृष्ण धितालबाई औषधि उपचार खर्च वापत रु. १ लाख, १५औं नगरसभाको सि.नं. २६० मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>१८. वडा नं. १ बसोवास गर्ने प्रेम नारायण श्रेष्ठको दुबै मृगौला डयामेज भई उपचारत रहेकोले निजलाई औपधि उपचार खर्च वापत रु १ लाख, १५औं नगरसभाको सि.नं. २६० मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>१९.Mt.K2 हिमाल आरोहण गर्ने नानुमायाँ गुरुङले उक्त हिमाल आरोहण गरी टोखा नगरपालिकाको नाम फहराएकोले निज आरोहीलाई यातायात सहयोग वापत रु. २५ हजार, १५ औं नगरसभाको खर्च शिर्षक नं. २८९११ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>२०.अखिल नेपाल जनजाति सम्मेलनः- विश्वआदिवासी दिवस-२०८१ कार्यक्रम संचालनको सहयोग सम्वन्धित संस्थालाई १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु २० हजार भुक्तानी उपलव्ध गराउने ।<br>२१. नेपाल नेत्रहिन संघको आयोजनामा दृष्टिविहिन तथा न्यूनदृष्टियुक्त व्यक्तिहरुको राष्ट्रिय भेला संचालनार्थको सहयोग १५ औं नगरसभामा कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट रु २० हजार भुक्तानी उपलव्ध गराउने ।<br>२२.वडा नं. १० को माग बमोजिम विभिन्न स्थानहरुमा सडकवत्ती जडान/मर्मत कार्यको १५ औं नगरसभाको सि.नं. २६५ मा विनियोजित रकम मध्येबाट खर्च लेखे गरी अधिकतम् १५ थान सडकवत्ती जडान/मर्मत प्रकृया अगाडि बढाउन नगरपालिकालाई निर्देशन दिने<br>२३.टोखा नगरपालिकाको पूर्वाधार विकास सम्वन्धि बर्षभरीको कार्यक्रम समेट्ने गरी बृत्तचित्र निर्माण कार्यको लागि १५ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु ४ लाख विनियोजन गरी बृत्तचित्र निर्माण प्रकृया अगाडि बढाउने ।<br>२४.टोखा नगरपालिकाको बर्षभरीको सूचना,सन्देश एफ.एम मार्फत प्रशारणको लागि |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | १५ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गरी स्थानीय एफ.एम मार्फत सूचना, सन्देश प्रशारण गर्ने ।<br>२५. वडा नं. ३ र ५ को सिफारिस अनुसार थाईल्याण्डको नाखुन राचसिमा प्रोभिन्सको कोरौंत शहरमा संचालन भएको थाई किंस कप, २०२४ खेलकूद प्रतियोगिता सहभागि हुने खेलाडीहरु रोशन तामाङ र सुमित्रा डंगोललाई आतेजाते सहयोग स्वरुप प्रति व्यक्ति रु २५/२५ हजारका दरले १५ औं नगरसभाको खर्च शिर्षक नं. २७११२ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>२६.वडा नं. ३ स्थित झुडोल शिवमन्दिर देखि आदर्श टोलमा ६३mmdai पाईपलाईन विस्तार कार्यको आयोजनाको लागि नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. २७७ खानेपानी संरचना निर्माण तथा पाईपलाईन विस्तार मर्मत ( आवश्यकता अनुसार विभिन्न स्थानमा) मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ९९९४१०.४२ विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।<br>२७. सिनेमा सर्कल नेपालको संयोजनमा सातौं एलजि सिने सर्कल अवार्ड, २०८० कार्यक्रम संचालन गरे वापत सम्वन्धित संस्थालाई कार्यक्रम संचालन सहायता वापत रु. ७५ हजार सोधभर्ना भुक्तानी उपलव्ध गराउने गरी गत आ.ब.को नगरकार्यपालिका बैठकबाट निर्णय भएकोमा उक्त रकम १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षक (२२५२२) मा विनियोजित रकम मध्येबाट शोधभर्ना भुक्तानी उपलव्ध गराउने ।<br>२८. बहिरा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार,क्षमता विकास,सांकेतिक भाषा तालिम, नेतृत्व क्षमता विकास लगायतका विविध कार्यक्रम संचालन सहयोग वापत १५औं नगरसभाको सि.नं. १९४ मा विनियोजित रकम मध्येबाट रु ५० हजार विनियोजन गरी कार्यक्रम संचालन सहयोग गर्ने ।<br>२९.टोखा नगरपालिकामा सम्वन्धित वडा कार्यालयको अनुमति बिना ८ आना भन्दा बढी क्षेत्रफलको कित्ता जग्गा डोजर लगाई सम्याउन नपाईने । ८ आना भन्दा बढी क्षेत्रफलको कित्ता जग्गा डोजर लगाई सम्याउन अनुमति दिने/नदिने सम्वन्धमा सम्वन्धित जग्गाको अवस्थाको आधारमा वडा समितिबाट निर्णय हुनु पर्ने । वडा समितिबाट डोजर लगाई सम्याउन अनुमति प्रदान गर्ने निर्णय भएमा सम्वन्धित व्यक्ति/संस्थालाई अनुमतिको सिफारिस पत्र प्रदान गर्ने प्रयोजनको लागि प्रति आना रु. १५००/ सिफारिस दस्तुर कायम गर्ने । अनुमति बिना |

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | डोजर लगाईएको सम्वन्धमा वडास्तरीय अनुगमन समितिबाट निरन्तर अनुगमन गरी आवश्यक कार्वाही अघि बढाउने ।<br>३०.तपशिल बमोजिमका कानुन/योजना/प्रतिवेदन स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>क. विपद् खोज तथा उद्धार सामाग्री भण्डारण र प्रयोग सम्वन्धी मापदण्ड, २०८१<br>ख. टोखा नगरपालिकाको खानेपानी,सरसफाई तथा स्वच्छता(WASH) योजना<br>ग. Assessment of Municipal Solid waste कार्यको प्रतिवेदन<br>घ. मृतकका परिवारलाई काजक्रिया खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि, २०८१<br>३१.Chinese People's Association for Friendship with Foreign Countries, the China International Sister Cities Federation and the People's Government of Yunnan Province, and hosted by the People's Government of Kunming City को प्रायोजनमा संचालन हुने 2024 China International Sister Cities Conference: Kunming, Yunnan Province of the People's Republic of China, from November 17 ot 20, 2024, कार्यक्रममा यस नगरका नगर प्रमुख श्री प्रकाश अधिकारी सहभागि हुने बिषयको जानकारी भयो। |